# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति २०८२।०३।२३

## प्रेस विज्ञप्ति

इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलले स्थानीय पत्रकारितालाई बदनाम गर्ने कुत्सित मनसायले सामाजिक सञ्जालबाट व्यक्त धारणाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही असार २० गते शुक्रवार बिहान नगर प्रमुखले 'समाचार प्रकाशित हुने विषय सचिवालयमा अघिल्लो दिन नै जानकारी हुने र दानापानी नभ्करेपछि लाज छोप्न प्रकाशन/प्रसारण हुने' भनी इटहरीको पत्रकारिता क्षेत्रलाई बदनाम र अपमानित हुनेगरी लेखेको महासंघ सुनसरी शाखाले जनाएको छ ।

समाचार या पत्रकारको व्यवहारप्रति गुनासो भए त्यसउपर विधि र पद्धतिअनुसार अघि बढ्नसकिने प्रचलित अभ्यास छ । त्यसलाई बेवास्ता गर्दै सार्वजनिक पदमा आसिन व्यक्तिले पदीय मर्यादाविपरीत अपनाइएको यो शैली प्रेसलाई कुण्ठित गर्ने र बदनाम गराउने मनसाय प्रेरित रहेको स्पष्ट छ ।

महासंघ प्रेसबिरोधी यो हर्कतप्रति खेद व्यक्त गर्दै कडा आपत्ति प्रकट गर्दछ । र, कुनै पनि बहानामा पत्रकारलाई हतोत्साहित र बदनाम बनाउने यस्ता गतिविधि नदोहोऱ्याउन तथा संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रताको सधैं सम्मान गर्न सम्बन्धित पक्षसँग जोडदार माग गर्दछ ।

रामप्रसाद दाहाल

महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal

Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org